# सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा५(३) र नियमावली, २०६५को नियम ३ बमोजिम सामाजिक सुरक्षा कोषसँग सम्बन्धित सार्वजनिक विवरण

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सामाजिक सुरक्षा कोष
ववरमहल, काठमाडौं
२०७७, श्रावण
www.ssf.gov.np

# आ.ब. २०७६/७७ वैशाख, जेठ र असार महिनामा सम्पादन गरिएका कार्यहरु

१. सञ्चालक समितिका बैठक तथा गतिविधिहरु

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिवज्यूको अध्यक्षतामा २०७७ वैशाख महिना देखी असार मसान्तसम्म बसेका सञ्चालक समितिका ५वटा बैठकहरुमा निम्नानुसारका विषयहरुमा छलफल तथा निर्णयहरु भएका छन्।

विषयहरुः

१. सञ्चालक समिति बैठकमा मन्त्रालयबाट ऋण स्वरुप प्राप्त रु. ५ करोड रकम यस बर्ष र आगामी बर्षको लागी जिम्मेवारी सार्ने
२. कोषका कर्मचारीलाई पनि कोषमै आवद्ध(सूचिकृत) गर्न सिफारिस गर्ने, मुद्दती निक्षेपबाट प्राप्त ब्याज रकम 'क' वर्गको बैंकमा खाता खोली जम्मा गर्ने
३. कार्यकारी निर्देशकको कार्य सम्पादन मूल्यांकन गर्ने
४. नेपाल सरकारबाट कोभिड-१९ को राहत स्वरुप सामाजिक सुरक्षा कोषमा आवद्ध योगदनाकर्तालाई चैत्र महिनामा जम्मा गर्नुपर्ने योगदान रकम रु. १८ करोड ६६ हजार ७२८ वितरण गर्ने
५. आ.व. २०७७/७८ देखी आ.व. २०८१/८२ सम्मको रणनितिक योजना निर्माण गर्ने,

## २. व्यवस्थापन समुहको बैठक तथा गतिविधिहरुः

सामाजिक सुरक्षा कोषका कार्यकारी निर्देशकज्यु को अध्यक्षतामा २०७७ वैशाख महिना देखी असार मसान्त सम्म ६ वटा बैठकहरुमा देहाय बमोजिमका विषयहरुमा छलफल तथा निर्णयहरु भएका छन्।

विषयहरुः

क) नेपाल सरकारको आ.व. २०७७/७८ को निती तथा कार्यक्रम एंव बजेट सम्बन्धमा विस्तृत छलफल र अध्ययन गर्ने

ख) स्वरोजगार तथा अनौपचारिक क्षेत्रका कामदारहरुलाई कोषको योजनामा आवद्ध गर्ने, सामाजिक सुरक्षा योजना संचालन कार्यविधि (२०७५) संसोधन गर्ने लगायतका निर्णय गरियो।

## ३. कोषका महाशाखाहरु वा अन्तर्गतका शाखा तथा इकाईहरुबाट सम्पादित कार्यहरुः

क) सामान्य प्रशासन तथा मानव संसाधन व्यवस्थापन महाशाखा

- ✓ नेपाल सरकारले COVID-१९ संक्रमण नियन्त्रणको हेतु लागु गरेको लकडाउनको अवधिमा कोषका कर्मचारीहरुको लागि सामाजिक सुरक्षासम्बन्धि र अंग्रेजी भाषा लगायत अन्य सम्बन्धित विषयमा विभिन्न स्रोत व्यक्तिबाट virtual class संचालन भएको।
- ✓ COVID-१९ संक्रमणको जोखिम न्यूनीकरणका लागि यस कोषमा Face Detecting Attendance Machine, Temperature Sensor र Hand Sanitizer Dispenser को जडान कार्य सम्पन्न भएको।
- ✓ कोषका कार्यरत कर्मचारीहरुलाई मास्क, पन्जा तथा Sanitizer वितरण गरिएको ।
- ✓ कर्मचारीहरुको विदा व्यवस्थापन सम्बन्धि कार्य भएको।
- ✓ राजिनामा मार्फत रिक्त हुन गएका पदमा वैकल्पिक सूचि बाट पदपूर्तिको कार्य सम्पन्न भएको।
- ✓ कोषको नियमित प्रशासनिक व्यवस्थापन सम्बन्धि कार्य सम्पन्न भएको।
- ✓ कोषको जिन्सी निरिक्षण गरि प्रतिवेदन तयार गर्ने कार्य सम्पन्न भएको।
- ✓ पंखा, टेलिफोन लगायतको मर्मत सम्भार सम्बन्धि कार्य सम्पन्न भएको।
- ✓ कर्मचारीहरुका लागी ३५ थान डेस्कटप कम्प्युटर, ५ थान ल्यापटप, ५ थान मल्टीफंकसन प्रिन्टर र ८ थान नर्मल प्रिन्टर खरिद गरिएको ।
- ✓ Training and Demo सर्भरका लागी आवश्यक RAM तथा Storage खरिद गरिएको ।
- ✓ कोभिड १९ राहत कोषमा सामाजिक सुरक्षा कोषद्वारा राहत रकम स्वरुप कोषका १० र ११ तह सम्मका कर्मचारीको ७ दिन, ६ देखि ९ तह सम्मका कर्मचारीको ५ दिन र बाँकीको ३ दिन बराबरको तलब कट्टी गरी जम्मा रकम ३ लाख ६ हजार ९४ रुपैयाँ संघीय सरकारद्वारा गठित राहत कोषमा रकम जम्मा गर्ने कार्य सम्पन्न भएको।

ख) सूचना व्यवस्थापन महाशाखा

- ✓ SOSYS तथा सामाजिक सुरक्षा कोषको सफ्टवेयरलाई आवश्यकता अनुसार अपग्रेड/ परिमार्जन गरिएको।
- ✓ Network र Software को मर्मत सम्भार र निरिक्षण भएको।
- ✓ Chart of Account कार्यान्वयनमा ल्याउने कार्य सम्पन्नभएको।
- ✓ विमा दावी Online गर्न मिल्ने व्यवस्था भएको।
- ✓ बनाउन बाँकी रहेका र अपुरा विमादावी फारम निर्माण तथा परिमार्जन गर्ने कार्य भएको।
- ✓ Web Security सम्बन्धी तालीम सम्पन्न भएको।
- ✓ Data Collection र Reporting को काम भएको।
- ✓ OpenIMIS लाई SOSYSमा Integrate गरिएको ।
- ✓ Training and Demo Server सञ्चालनमा ल्याउने कार्य भएको।
- ✓ नयाँ बर्ष २०७७ को भित्ते र टेबल क्यालेण्डर प्रकाशन गरी वितरण गरिएको।

- ✓ विभीन्न सामाजिक सञ्जालका माध्यमहरु फेसबुक, ट्विटर, युट्युव, भाइवर कम्युनिटि मार्फत डिजिटल प्रोमोसन(प्रचार/प्रसार) गरिएको। साथै २०७७ वैशाख बाट नियमित रुपमा मासिक न्युजलेटर प्रकाशित गरिएको।

ग) <u>कोष व्यवस्थापन महाशाखा</u>

- ✓ सूचीकरणकार्यमा गतिशिलता प्रदान गरिएको। परिणाम स्वरुप १४२५१ श्रमिक र १५५ रोजगारदाता सूचीकृत भएको र ३६०० श्रमिक तथा ३१ रोजगारदाता कम्पनीलाई सूचीकृत भएको परिचयपत्र/ प्रमाणपत्र वितरण गरिएको । साथै हाल रोजगारदाताले Self-Print गर्न सक्ने व्यवस्था समेत गरिएको ।
- ✓ सरकारबाट उपलब्ध राहत रकम विभीन्न चरणहरुमा योगदानकर्ताको नाममा जम्मा गर्ने कार्य सम्पन्न भएको।
- ✓ ६ वटा कार्यविधिका मस्यौदा तयार भएको।
- ✓ पहिलो ५ बर्षे रणनिति तर्जुमा भएको।
- ✓ सामाजिक सुरक्षा योजनाको अनुगमन अनुरुप १६०० रोजगारदाता कम्पनीमा टेलीफोन गर्ने कार्य भएको।
- ✓ अनौपचारिक क्षेत्रलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने गरी अध्ययन प्रतिवेदन तयार भएको।


घ) <u>लगानी व्यवस्थापन महाशाखा</u>


- ✓ मुद्दती निक्षेपमा लगानी गरिएको।
- ✓ वित्तीय सूचना प्रणाली तयार गर्ने कार्य सम्पन्न भएको।
- ✓ लगानी सम्बन्धी नितिगत व्यवस्थाको मस्यौदा तयार भएको।
    - ✓ औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना, दुर्घटना सुरक्षा योजना, वृद्ध अवस्था सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनाहरुको कार्यान्वयन गर्ने सन्दर्भमा ७३.१८ करोड योगदान रकम संकलन भएको र कुल १९३ वटा भुक्तानी योग्य दाबी भुक्तान गरिएको।


## ४. सामाजिक सुरक्षा कोषको अद्यावधिक तथ्यांकिय झलक

वि.स. २०७७ असार मसान्तसम्ममा कोषमा आबद्ध रोजगारदाता, योगदनकर्ता, र जम्मा योगदान रकमको विवरण

| अवधि | सूचिकृत कूल रोजगारदाता | सूचिकृत कूल योगदानकर्ता | जम्मायोगदान रकम(रु) |
|---|---|---|---|
| २०७६श्रावण-मसान्त सम्म | ४२३२ | ३२५७५ | ० |
| २०७६भाद्र-मसान्त सम्म | ४९१५ | ५२७२२ | १५८०७५६४.९ |
| २०७६आश्विन-मसान्त सम्म | ८४४२ | ९३९६० | ६६५२६८१६.९ |
| २०७६कार्तिक-मसान्त सम्म | ९३५९ | १०५९८९ | १४१९१५१६८.२ |
| २०७६मंसिर-मसान्त सम्म | ११७९६ | १३१५१९ | २८२३९५३५३.८ |
| २०७६पौष-मसान्त सम्म | १२०३४ | १३६८४७ | ४३१७६२७०६ |
| २०७६माघ-मसान्त सम्म | १२१४८ | १४५३८३ | ६२१३७५९१२.३ |
| २०७६फाल्गुन-मसान्त सम्म | १२२८७ | १५१९०८ | ७८१४६५३५९.८ |
| २०७६चैत्र-मसान्त सम्म | १२३२० | १५६६४८ | ८८६११७३९०.६ |
| २०७७वैशाख-मसान्त सम्म | १२३३५ | १५७९१६ | १०२१६०००२३.४६ |
| २०७७जेष्ठ-मसान्त सम्म | १२३६० | १६१५८८ | १२०६४८२७३१.६४ |
| २०७७आषाढ-मसान्त सम्म | १२४७९ | १६८२४२ | १६१६८३९७६८.९४ |


वि. स. २०७७ आषाढ मसान्तसम्ममा कोषमा आवद रोजगारदाता र योगदानकर्ताको विवरण
१८००००
१६००००
१४००००
१२००००
१०००००
८००००
६००००
४००००
२००००
०
श्रावण
भाद्र
आश्विन
कार्तिक
मंसीर
पौष
माघ
फाल्गुण
चैत्र
बैशाख
जेष्ठ
आषाढ
रोजगारदाता
योगदानकर्ता


सामाजिक सुरक्षा कोषमा वार्षिक सूचीकरण(तुलानात्मक)
१६००००
१५००००
१४००००
१३००००
१२००००
११००००
१०००००
९००००
८००००
७००००
६००००
५००००
४००००
३००००
२००००
१००००
०
३२६१
२४३३०
९२१८
१४३९१२
२०७५/७६
२०७६/७७
रोजगारदाता
योगदानकर्ता




| आ. व. २०७६/७७ आषाढ मसान्तसम्ममा कोषमा आवद योगदानकर्ताहरुको दावी भुक्तानी विवरण | | |
|---|---|---|
| बीमा दाबी भुक्तानी शीर्षक | संख्या | भुक्तानी रकम |
| औषधि उपचार,स्वास्थ्य तथा मातृत्व सुरक्षा दाबी भुक्तानी | २८७ | रू. ५२८५५२८.६३ |
| दुर्घटना तथा असक्तता दाबी भुक्तानी | २१ | रू. २९३८९८.९५ |
| आश्रित परिवार सुरक्षा दाबी भुक्तानी | ६ | रू. ७९९४१६.६० |
| उपदान दाबी भुक्तानी | १६ | रू. ५०४७५५.४९ |
| जम्मा | ३३० | रू. ६८८३५९९.६७ |